# संवत् २०७७ साल असार १० गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरु

१. अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ स्वीकृत गर्ने।

२. प्रदेश सुशासन प्रवर्धन केन्द्र (स्थापना र संञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

३. बैङ्क खाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ संशोधन गरी संशोधन कार्यक्रममा आवद्ध हुने समय २०७७ भाद्र १५ गतिसम्म थप गर्ने।

४. कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

५. व्यवस्थापन परीक्षण निर्देशिका, २०७७ स्वीकृत गर्ने।

६. मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

७. कर्णाली प्रदेशमा कार्यरत आठौं तहका चिकित्सकलाई (करार तथा छात्रवृत्तित)समेत चिकित्सक विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउने।

८. कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६ बमोजिमका सम्पुर्ण काम कारबाहीहरु हाललाई स्थगित गर्ने।"

९. कोभिड-१९ को प्रतिकार्य, उपचार र रोगथामको लागि खटिएका स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद २०७७ साल असार मसान्तसम्म थप गर्ने ।

१०. कर्णाली प्रदेश सहकारी नियमावली, २०७६ का केही विषयहरु परिमार्जन गरी मिलाउनु पर्ने देखिएको हुँदा परिमार्जन गरी पेश गर्ने गरी सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप निर्णयहरु सम्बन्धित मन्त्रालयबाट उपलब्ध हुनेछन्।